**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः १३ अक्तूबर २०२४

समयः १८:५० - १९:०० बजे

**<u>प्रमुख समाचार</u>**

१. आरजीकर डाक्टर बलात्कार अनि हत्या काण्डमा जुनियर डाक्टरहरुको अनशन जारी छ। भोलि बिहान ६ बजीदेखि ४८ घन्टाको निम्ति समर्थनमा सिनियर डाक्टरहरुले पनि काम बन्द गर्ने घोषणा गरेका छन् |

2- आज एकाशीको दिन सम्पूर्ण नेपाली गोर्खा समाजमा टिका जारी छ| आज खरसांगमा वाहनहरु घन्टौ जाममा परे| आउने जाने मानिसहरुलाई भीडले गर्दा आवत जावत गर्न वाहनहरु पर्खिन परेको थियो|

३. जीटिए क्षेत्र लगायत पश्चिम बंगालमा दुर्गा पूजा प्रतिमा विसर्जन गर्ने काम जारी छ|

४. नेपालमा दशैको अवसरमा राष्ट्रपति रामचन्द्र पौड्यालद्वारा प्रधानमन्त्री, सेना प्रमुख लगायत अति विशिष्ट, विशिष्ट र आम मानिसहरुलाई टिका लगाउने कार्य जारी छ|

५. नेपालमा प्रसिध्द सराय नाच कोतघर र देविका शक्ति पिठहरुमा शुरु भएको छ| |

६. राष्ट्रपति द्रौपदी मुर्मू अल्जीरियाए मोरिटानिया र मालावीको भ्रमणमा आज अल्जीरिया पुग्नु भएको छ।

**<u>पश्चिम बंगाल - जूनियर डाक्टर</u>**

पश्चिम बंगाल जुनियर डाक्टर्स फ्रन्ट- डब्ल्यूबीजेडीएफ (WBJDF ) का सात प्रदर्शनकारी डाक्टरहरु आरजीकर मेडिकल कलेज तथा अस्पतालका डाक्टरको बलात्कारपछि हत्या प्रकरणमा दश माग गर्दै अहिले पनि अनशनमा छन्। यीमध्ये दुईजना चिकित्सकको स्वास्थ्य अवस्था बिग्रिएपछि अस्पताल भर्ना गरिएको थियो।
भारतीय चिकित्सक संघको पश्चिम बंगाल इकाईले आज सांकेतिक अनशन गरेको छ। आरजीकर पीडितका अभिभावक पनि अनशनमा छन्। भारतीय जनता पार्टीका राज्य अध्यक्ष सुकान्त मजुमदारले ममता ब्यानर्जी सरकारविरुद्ध जुनियर डाक्टर्स मोर्चाको आन्दोलनलाई भारतीय जनता पार्टीको राज्य एकाइले पूर्ण समर्थन गर्ने बताउनु भएको छ।

****** ० ******

**<u>जुनियर डाक्टरहरूको चुलो बन्द आन्दोलन</u>**

आरजीकर मुद्दामा न्यायको माग गर्दै जुनियर डाक्टरहरुको अनशन जारी छ। यसैबीच, आन्दोलनरत जुनियर डाक्टरहरूले आज चुलो बन्द राखेर आन्दोलनलाई समर्थन गर्न जनतालाई आग्रह गरेका थिए जसमा सकारात्मक प्रतिक्रिया आएको छ। आज ठूलो संख्यामा मानिसले घरमा एक छाक नपकाएर चिकित्सकको आन्दोलनलाई समर्थन गरेका छन्।
शनिबारदेखि अनशनमा बसेका जुनियर डाक्टरहरूले मानव बन्धन बनाएर अनशनको आह्वान गरेका थिए। यस्तो आह्वान गर्दै पोस्टरमा लेखिएको थियो, 'चूल्हा बंद गर्ने संकल्प लिनुहोस् , सत्तारूढ़ शासकलाई धिक्कार छ।'
जुनियर डाक्टरको आह्वानमा आज अर्थात आइतबार धैरै घरमा चुलो बन्द गरिएको छ।
अर्कोतर्फ जुनियर डाक्टरहरुको आन्दोलनलाई समर्थन गर्दै भारतीय चिकित्सक संघले आज १२ घण्टाको प्रतीकात्मक अनशन गरेको छ।

****** ० ******

**<u>DASAI</u>**

गोर्खालैंड क्षेत्रीय प्रसासन **ळज** इलाका लगायत सिलिगडी तराई डुवर्समा बिजया दसमीको पर्व धूमधामले पालन भैरहेको छ। बिजया दसमिको दिन अर्थात् हिज देखि आगामी १७ अक्टुबरसम्म आफन्तहरुलाई भेट्ने तथा ठुला- बडाहरुको हातबाट चामलको टिका लगाइ आशिर्बाद थाप्ने परम्परा समस्त नेपाली समाजमा पर पुर्व देखि चली आइरहेको छ। आज एकदशी हो

आज पनि पहाडमा मानिसहरुको चहल पहल निकै देखियो । दार्जीलिंग,कालेबुंग,मिरिक र खरसांग लगायत पहाडका साना ठुला सहर बजारहरुमा सिशारका निम्ति लैजाने सामान किन्ने मानिसहरुको अपार भिड देखियो भने अप्रहान्नको समयम वाहनहरुले जामको समस्या झेल्नु परेको पनि देखियो|

****** ० ******

**खरसाङ जाम**

खरसाङमा पार्किङ समस्या र सानो सड़क मार्गको कारणले प्राय: जस्तो दिनमा ट्राफिक जामको समस्या देखापर्छ। तर दशैंको समयमा पनि खरसाङमा ट्राफिक जामको समस्या देखिएको छ। दशैंको टिकाको भोलिपल्ट आज बिहानको समयमा खरसाङमा ट्राफिक जामको समस्या अत्यन्तै बेसी देखियो। दशैंमा गाड़ीहरू कम कुद्न सक्छ भन्ने अनुमान गरिए तापनि आज खरसाङमा गाड़ीहरू बेसी मात्रामा देखियो। त्यसैले पनि खरसाङ बजारमा ट्राफिक जामको समस्या देखिएको छ।
विशेष गरेर बिहान 10 बजीदेखि 12 अनि 1 बजीको समयसम्म निक्कै बेसी जाम देखियो। दशैंको समयमा दशैंको टिका लगाउन टाड़ा टाड़ाबाट मानिसहरू गाड़ी रिजर्ब गरेर आएको हुँदा पनि निक्कै बेसी जाम देखिएको छ। उक्त जाम खरसाङ बजारदेखि रोहिणी रोडसम्म लागेको थियो।

****** ० ******

**दुर्गा बिसर्जन**

पश्चिम बंगालमा दुर्गा पूजा महोत्सवको शान्तिपूर्ण समापन पश्चात् अब प्रतिमा विसर्जनको पालो आएको छ। विसर्जनलाई लिएर प्रशासनको पक्षबाट तमाम सतर्कता अप्नाइँदैछ। विसर्जन अवधि कुनै प्रकारको अप्रिय घटना नहोस् भन्ने उद्देश्यमा घाटहरूमा पुलिसले कड़ा निगरानी राखिरहेको छ। अतिरिक्त संख्यामा सफाईकर्मीहरूले घाटहरूको सर-सफाई गरिरहेका छन्।
लालबजार सूत्र अनुसार आज देखि अधिक संख्यामा पुलिस बललाई तैनाथ गरिएको छ | नदीमा दुर्घटना हुनसक्ने आशंकालाई ध्यानमा राख्दै कम ज्वार भएको समयमा विसर्जन गर्ने सुझाउ प्रशासनले दिरहेको छ तथापि घाटहरूमा पुलिसद्वारा लगातार माइकिंग गरिँदैछ । यस अतिरिक्त प्रत्येक घाटमा आपदा प्रबन्धनका टीम लगायत नाविक र गोताखोरहरूलाई पनि तैनाथ गरिएको छ।

****** ० ******

**नेपाल राष्ट्रपति भवन टीका**

नेपालमा राष्ट्रपति रामचन्द्र पौडेलले शीतल निवासमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई टीका लगाउनु भयो। राष्ट्रपति भवन शीतलनिवासमा अतिविशिष्ट र विशिष्ट व्यक्तित्वहरूलाई टीकालगाइदिने कार्यक्रम सुरू भएको छ। नेपालमा राजतंत्र हुन्दाराजाले टीका लगाए पछि आम जनताले टीका लाउन थाल्थे अनिराजाले पनि आफ्ना मंत्रीपरिषद र अधिकारीहरू साथै आमजनतालाई टीका लगाइदिन्थे। अब नेपालमा राजतंत्र रहेन तथापिराष्ट्रपतिलाई नै देश सर्वोच्च वयक्तित्व ठानी अति विशिष्ठ रविशिष्ठ साथै आम जनतालाई टीका र जमरा लगाइदिने प्रथाकायमछ। यसै क्रममा आज नेपालका उपप्रधानमंत्री एवं सहरीविकासमन्त्री प्रकाशमान सिंह, उपप्रधानमंत्री एवं अर्थमन्त्रीविष्णुप्रसाद पौडेल, संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्रीबद्रीप्रसाद पाण्डे, ऊर्जा, जलस्रोत तथा सिँचाइ राज्यमन्त्रीकान्छाराम तामाङ, सांसद सपना राजभण्डारी आदिलाईराष्ट्रपतिले टीका लगाएको जानकारी राष्ट्रपति सचिवालयलेदिएको छ ।नेपालको सेनाका प्रधानसेनापति अशोक सिग्देल, नेपाल पुलिसकामहानिरीक्षक वसन्तबहादुर कुँवर, राष्ट्रिय अनुसन्धान विभागकाप्रमुख हुतराज थापालगायतले पनि राष्ट्रपति पौडेलसँग टीका तथाजमरा ग्रहण गरेका छन्। राष्ट्रपति कार्यालयका अनुसार दिउँसो ३बजेदेखि साढे ३ बजेसम्म अतिविशिष्ट र विशिष्ट व्यक्तित्वलाई टीकालगायो । त्यसपछि साढे तीन बजेदेखि ५ बजेसम्म सर्वसाधारणलाईटीका जमरा लगाइदिने कार्यक्रम सम्पन्न गरियो। आगामी पूर्णिमासम्म टीको लगाउने कार्य चली रहनेछ।

****** ० ******

**नेपाल सराय नाच**

नेपालको लुम्बिनी प्रदेशका पर्वत्य जिल्लाहरू गुल्मी, अर्घाखाँची,प्यूठान अनि पाल्पाका विभिन्न कोतघर साथै शक्तिपीठहरुमा

पारम्परिक सराय नाच सुरु भएको छ । हतियार जुधाएर यो नाचगरिन्छ। दसैंसंगै यो सराय नाचको नेपालमा विशेष महत्वछ।ऐतिहासिक कोतघर, देवी दुर्गा अनि काली माताका मन्दिरहरूकोप्रांगणमा यो नाच पारम्परिक ढंगमा वर्षनै गरिन्छ। नेपालकोमूल संस्कृति परम्परामा यो नाचको पनि विशेष स्थान छ। यसनाचमा सामेल मानिसहरूले खुकुरी, खुँडा, तरवार, ढाल जस्ताहात हथियारहरू जुधाउँदै युद्ध सरह यो नाच गरिन्छ। यसनाचमा नेपालको सौर्य र वीरतालाई झल्काइन्छ। राक्षसमाथिदेवको विजयको प्रतिक स्वरूप पनि यो नाच गरिन्छ। गुल्मीकोचन्द्रकोट मन्दिरमा यस सराय नाचको छुट्टै महत्त्व रहेकोप्राचीन मान्यताछ।

****** ० ******

## राष्ट्रपति

राष्ट्रपति द्रौपदी मुर्मू तीन अफ्रीकी देशहरू- अल्जीरिया, मोरिटानिया र मालावीको राजकीय यात्रामा आज प्रस्थान गर्नु भयो। राष्ट्रपति मुर्मू 13 देखि 19 अक्टोबरसम्म यी देशहरूको यात्रामा हुनुहुन्छ। यो कुनै भारतीय राष्ट्राध्यक्षको यी तीन अफ्रीकी देशहरूको पहिलो यात्रा हो। राष्ट्रपति मुर्मूको यात्राको पहिलो चरण अल्जीरियाबाट शुरू हुनेछ, फेरि मोरिटानिया र मालावीमा समाप्त हुनेछ।

यो भारतको राष्ट्रपतिको अल्जीरियाको पहिलो यात्रा हो र 39 वर्षपछि कुनै राष्ट्राध्यक्ष स्तरको यात्रा हुनेछ। उहाँको यात्राको आगामी चरण मोरिटानिया हुनेछ। 1960 मा स्वतन्त्रता पाएदेखि भारतबाट यति उच्च स्तरका कुनै व्यक्तिको यस अफ्रीकी राष्ट्रको यो पहिलो दौड़ाह हो। यसपछि उहाँ मालावीका राष्ट्रपतिको निमन्त्रणमा 17 अक्टोबरमा मालावी पुग्नु हुनेछ। 19 अक्टोबरमा उहाँ मालावीदेखि भारत फर्किनु हुनेछ।

****** ० ******

## प्रधानमन्त्री गति शक्ति

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रधानमन्त्री गतिशक्ति राष्ट्रिय गुरुयोजनाको तीन वर्ष पूरा भएकोमा प्रशंसा गर्नु हुँदै यो पहलले भारतको पूर्वाधार पुनर्संरचनामा महत्वपूर्ण भूमिका खेलेको बताउनु भएको छ। एक सामाजिक मिडिया पोस्टमा, श्री मोदीले भन्नु भयो, गतिशक्तिले बहु-मोडल कनेक्टिभिटीलाई उल्लेखनीय रूपमा बढाएको छ र विभिन्न क्षेत्रहरूको द्रुत र कुशल विकास सुनिश्चित गरेको छ। उहाँले भन्नु भयो, विभिन्न सरोकारवालाहरुको अबाधित एकीकरणले संभार-तंत्रलाई मजबुत बनाएको छ, ढिलाइ कम गरेको छ र धेरैलाई नयाँ अवसरहरु सिर्जना गरेको छ।प्रधानमन्त्री श्री मोदीले गति शक्तिले विकसित भारतको सपना साकार पार्ने कामलाई तीव्रता दिँदै प्रगति, उद्यमशीलता र नवप्रवर्तनलाई प्रवर्द्धन गर्ने बताउनु भयो।

****** ० ******

## असम भूकम्प

आसाममा आज बिहान ४.२ रेक्टर स्केलको भूकम्प गएको छ। यसको केन्द्र मुख्यतया असमको मध्य क्षेत्रमा रहेको थियो। यद्यपि भूकम्पका कारण अहिलेसम्म कुनै मानवीय वा धनमालको क्षतिको विवरण आएको छैन। ब्रह्मपुत्र नदीको उत्तरी किनारमा रहेको उदलगुरी जिल्लामा आज बिहान ७ बजेर ४७ मिनेटमा भूकम्पको धक्कामहसुसगरिएकोसरकारीतथ्याङ्कलेजनाएकोछ।यसैबीच, अर्कोतिर जम्मु कश्मीरको केन्द्र शासित प्रदेशको डोडा जिल्लामा आज बिहान४.३ म्याग्निच्युडको भूकम्पको धक्का महसुस गरिएको छ। यसको केन्द्र गुन्डोह थियो। बिहान ६.१४ बजे भूकम्पको धक्का महसुस गरिएको थियो।

****** ० ******

## विमल गुरुङ – लङ्भ्यू अनशन

खरसाङको लङ्भ्यू चियाबारीमा श्रमिकहरूद्वारा बोनसको मागमा बसिरहेको अनशन स्थलमा आज गोजमुमो अध्यक्ष विमल गुरुङ पुग्नु भएको छ। उहाँले अहिले दार्जिलिङ पहाडका अधिकांश चियाबारीहरू अनि त्यहाँका श्रमिकहरूको यस्तो अवस्था हुनुमा वर्तमान पहाडका सत्तारूढ दलको कारणले हो भनी आरोप लगाउनु भएको छ। उहाँले आफु सदैव श्रमिकहरूको साथमा रहने पनि वचन दिनु भएको छ। यस अवधि गुरूङले लङ्भ्यू चियाबारीको मालिकसँग पनि टेलिफोनमार्फत् कुराकानी गर्दै झट्ट श्रमिकहरुको रहल बोनस दिनु पर्ने विषयमा कुराकानी गर्नु भएको छ। गोजमुमो अध्यक्ष बिमल गुरुङले चियाबारी श्रमिकहरूको बोनसको

विषयमा मालिकले किन घुड़ा टेकेको छैन अनि किन हल्का रूपमा लिएको छ भनी प्रश्न गर्दै शासन प्रणाली कड़ा नभएर हो भनी बताउनु भयो। उहाँले शासन कड़ा भएको भए मालिक घुड़ा टेकेर आउँछ भनी बताउनु हुँदै हामी शासनमा हुँदा 2009 देखि 2017 सम्म मालिकहरू कति प्रतिशत बोनस दिनु भनेर अनुरोध गर्दै आउने गर्दथ्यो तर अहिले त अगुवा नै कमजोर रहेको आरोप लगाउनु भएको छ।खरसाङको लङ्भ्यू चियाबारीमा श्रमिकहरूको अनशनको आज छैंटौं दिन हो। लङ्भ्यू चियाबारीका श्रमिकहरूलाई कम्पनीले केवल 10 प्रतिशत बोनस दिएपछि श्रमिकहरू लगातार रूपमा अनशनमा बसिरहेका छन्। चियाबारी श्रमिकहरू हिजो दशैंको टिकाको दिन पनि अनशनमा बसेका थिए भने अनशन स्थलमा नै टिका लगाएका थिए।

****** ० ******

-